देवदह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
केरवानी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

## हाट बजार बैठकी कर सम्बन्धि बोलपत्र आह्वानको सूचना ।

(प्रथम पटक प्रकाशित मिति- २०८१/३/१३)

यस देवदह नगरपालिका केरवानी, रुपन्देही क्षेत्र भित्र लाग्ने तपशिलका हाटवजारहरुको आर्थिक बर्ष २०८१/०८२ (२०८१ श्रावण १ गते देखि २०८२ आषाढ मसान्त सम्म) का लागि तपशिल बमोजिमको शर्त र अधिनमा रहि (हाट बजार बैठकी शुल्क) संकलन गर्न बढी बढाउमा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले १५ दिने बोलपत्र आह्वान गरिएको छ ।

१ बोलपत्रपत्र फारमको न्यूनतम बोल रकम निम्नानुसार रहनेछ ।
- क) शुक्रबारे हाटबजार खैरेनी - रु.१०,००,०००/-
- ख) सोमबारे हाटवजार, शितलनगर- रु. ६,००,०००/-
- ग) मंगलबारे हाटवजार भलुही - रु. ६०,०००/-
- घ) मंगलबारे हाटबजार, बिर्ता - रु. ३,३०,०००/-
- ङ) आइतबारे हाटबजार, पेटवनिया - रु. २५,२००/-
- च) बुधबारे हाटबजार, टटेरा - रु. १,२०,०००/-
- छ) शनिबारे हाटबजार, सदवनिया - ७,००,०००/-

२. बोलपत्र फारम रु ५००/- (पछि फिर्ता नहुने गरि ) नगरपालिकाको कार्यालयबाट खरिद गर्नु पर्नेछ।

३. प्रत्येक हाटबजारका लागि छुट्टाछुट्टै बोलपत्र फारम भर्नु पर्नेछ।

४. बोलपत्र फारम पेश गर्दा कबोल अंकको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको एन आई सि एसिया बैंक लिमिटेड, खैरेनीमा रहेको ग-३ धरौटी खाता हि.नं. १५८०५१२७६६५२४०१ मा जम्मा गरेको भौचर संलग्न हुनु पर्नेछ।

५. बोलपत्र स्विकृत भएको मितिले ७ दिन भित्रमा सम्झौता गरि ईजाजतपत्र (पट्टा) उठाइसक्नु पर्नेछ ।

६. सम्झौता गर्दा बोलपत्र स्विकृत भएको बोलपत्रदाताले देवदह नगरपालिकाको नाममा कवोल रकम बराबरको रकम एकमुष्ठ एन आई सि एशिया बैंक लिमिटेड खैरेनीमा रहेको ग-१-१ आन्तरिक राजस्व खाता हि.न ०१५२०५००२९५७२००२ मा जम्मा गरेको भौचर सलग्न गर्नु पर्नेछ ।

७. बोलपत्र फारममा कार्यालय प्रमुखको वा कार्यालय प्रमुखले तोकेको अधिकृत कर्मचारीको सहि तथा कार्यालयको छाप नभएको मान्यता हुने छैन ।

८. बोलपत्र फारम मिति २०८१/३/२७ गते दिनको १२:०० बजे सम्म दर्ता गराई सक्नुपर्नेछ । सोहि दिनको ०२:०० बजे बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा वा उपस्थित अन्य व्यक्तिहरुको रोहवरमा बोलपत्र खोलिने छ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा विदा पछि कार्यालय खुल्ने दिन सोही समयमा प्रकृया अघि बढ्नेछ ।

९. रित नपुगी आएको बोलपत्रलाई मान्यता दिइने छैन ।

१० हाटबजार बैठकी कर नगरपालिकाको आर्थिक ऐन.२०८१ अनुसार हुनेछ ।

११ बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार नगरपालिकामा निहित रहनेछ ।

१२ यस नगरपालिकालाई तिर्नु पर्ने बक्यौता रकम भएका बोलपत्र दाताहरुको बोलपत्र स्वीकृत हुने छैन ।

१३ बजार व्यवस्थापनका लागि साधारण मर्मत सम्भार सम्बन्धी कार्य बोलपत्रदाता स्वयंले गर्नुपर्नेछ ।

१४ कुनै प्रकारको बहानामा मिनाहा दाबि गर्न पाइने छैन ।

१५ बोलपत्र फारमका साथ नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि अनिवार्य हुनेछ ।

१६ स्वीकृत बोलपत्रदाताले तोकिएको म्याद भित्र रकम दाखिला नगरेमा निजको नाममा रहेको धरौटी रकम जफत गरिनेछ।

१७ माथि उल्लेखित बाहेकका अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

१८ अन्य थप जानकारीका लागि देवदह नगरपालिका नगर कार्यपालिकाको कार्यालय केरवानी देवदहमा सम्पर्क राख्न सकिनेछ ।

३/१३

कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत